# अनुसूची - ४

(निर्वाचन आचार संहिता, २०८२ को दफा ४७ को उपदफा (१) सँग सम्बन्धित)

## निर्वाचन आचार संहिता उल्लङ्घन सम्बन्धी उजूरी दिने निवेदनको ढाँचा

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/अनुगमन अधिकृत/..................................
आचारसंहिता अनुगमन समिति .................................. ।

**विषयः- निर्वाचन आचार संहिता उल्लङ्घन सम्बन्धी उजूरी ।**

मिति २०८२ सालको फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचन पूर्व, निर्वाचनको मतदान हुने दिन र निर्वाचन पश्चातको समयमा देहायको दल/उम्मेदवार /व्यक्ति/संस्थाबाट निर्वाचन आचार संहिताको उल्लङ्घन गरी बाल अधिकार हनन् भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीका लागि यो उजूरी दिएको छु/छौ ।

१. निर्वाचन आचार संहिता उल्लङ्घनकर्ताको पूरा नामः-
२. ठेगाना/संलग्न संस्था वा निकायः-
३. निर्वाचन आचार संहिता उल्लङ्घनको संक्षिप्त व्यहोराः- ............................ ............................ .....................................
४. संलग्न प्रमाणः- ...................... ...................... ............................ ............................ ...................... ....................

उजूरीकर्ताको-
सहीछापः
नाम थरः
मतदाता नं./संस्था दर्ता नं.: .......................................सम्पर्क ठेगाना:...........................
सम्पर्क फोन/ मोबाइल नं.: ............................ इमेल ठ्गानाः ............................
मितिः २०८२/..... /..............

द्रष्टव्यः (१) उजूरीकर्ताले निजको परिचय गोप्य राख्ख अनुरोध गरेमा निजको परिचय गोप्य राखिनेछ ।

(२) निर्वाचन आचार संहिता उल्लङ्घनको सम्बन्धमा मौखिक रुपमा वा विद्युतीय माध्यमबाट समेत उजूरी दिन सकिनेछ । यसरी उजूरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रकृया अघि बढाउनु पर्नेछ ।

(३) उल्लिखित उजूरी तोकिएका निकाय/पदाधिकारीलाई दिएपछि सोको आधारमा उजूरीकर्ताले यसैसाथ संलग्न गरिएको निर्वाचन पूर्व वा निर्वाचनको मतदान गर्ने दिन वा निर्वाचन पश्चातको समयावधिमा बाल अधिकार हनन् भएका घटना घटेमा वा भएमा निर्वाचनको समयमा समेत बाल अधिकार संरक्षण, सम्वर्द्धन, सम्मान, प्रवर्द्धन र परिपूर्तिको सुनिश्चतता गर्न तथा नीतिगत सुधा गर्ने कार्य प्रयोजनका लागि यसैसाथ संलग्न गरिएको ढाँचामा प्रतिवेदन तयार गरी राष्ट्रिय बाल अधिकार परिषद्को कार्यालय वा परिषद्को इमेल ठेगानाः- contact@ncrc.gov.np मा पठाउनु पर्नेछ ।

**(क)प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को निर्वाचन पूर्व (२०८२ को फागुन २० गतेसम्म) निर्वाचनमा बाल अधिकार हनन् भएका घटना सम्बन्धी पेश गर्ने प्रतिवेदन ढाँचा**

मितिः २०८२/... /....

श्री राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर ।

विषयः- निर्वाचन पूर्व बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन पेश गरेको ।

मिति २०८२ सालको फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य पदको निर्वाचन पूर्व देहायको विवरण रहेको दल / उम्मेदवार / व्यक्ति/ संस्थाबाट निर्वाचन आचार संहिता, २०८२ तथा नेपाल प्रचलित कानूनको उल्लङ्घन गरी बाल अधिकार हनन् भएकोले सो सम्बन्धी प्रतिवेदन तहाँको जानकारीको लागि पेश गरिएको छ ।

**निर्वाचन पूर्व बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन, २०८२**

जिल्लाः......................... निर्वाचन क्षेत्र नं.: ....................गाउँपालिका/नगरपालिकाः .....................
वडा नं.: ................ स्थान/मतदान केन्द्रः ...........................

निर्वाचनमा बाल अधिकार हनन भएको/देखेको घटना मितिः २०८२/....../.........

घटनाको अनुगमन/अवलोकन/निगरानी गरिएको भए, अनुगमन/अवलोकन /निगरानी गरिएको मितिः २०८२/....../.........

## निर्वाचन पूर्व बाल अधिकार हनन् भएका घटना सम्बन्धी मुख्य विवरण

| क्र. सं. | निर्वाचन पूर्व बालबालिकालाई प्रत्यक्ष रुपमा संलग्न गराउन सक्ने कार्यहरुको विवरण | राजनीतिक दल/ उम्मेदवार / संस्था / व्यक्तिको नाम | घटना संख्या | पीडित तथा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालबालिकालाई राजनीतिक दल, उम्मेदवार, संस्था, व्यक्तिले जुलुस, र्‍याली, प्रचारप्रसार आदि कार्यमा संलग्न गरेको | | | | |
| २ | बालबालिकालाई राजनीतिक दल वा उम्मेदवारको आमसभा, कोणसभा, सम्मेलन आदि कार्यहरुमा कलाकार, वक्ता वा अन्य रुपमा प्रयोग गरे | | | | |
| ३ | बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह अङ्कित वा सङ्केत गरेको ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन, वा स्टीकर, लोगो झोला, व्याच, टयाटु जस्ता साङ्केतिक सामग्री लगाई प्रयोग वा परिचालन गरेको वा प्रयोग गर्न उपलब्ध गराएको | | | | |
| ४ | विद्यालय हाता वा परिसरभित्र राजनीतिक दल वा उम्मेदवारले निर्वाचन कार्यक्रम आयोजना गरेको वा विद्यालय परिसर तथा प्राङ्गणमा आमसभा लगायतका सभा सम्मेलनहरु आयोजना गरेको वा विद्यालयको नियमित पठनपाठनमा बाधा/अवरोध तथा असर परेको | | | | |
| ५ | राजनीतिक दल, उम्मेदवार, संस्था, व्यक्तिले निर्वाचन र राजनीतिक प्रयोजनका विभिन्न कार्यहरुमा श्रमिकको रुपमा कार्य गराएको (जस्तै पर्चा पोष्टर टाँस्ने, बोक्ने, पाल टाँग्ने, खाना बनाउने, | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बिजुलीको काम गर्ने, भाँडा माझ्ने, पानी ल्याउने, खुवाउने, कार्य आदि) | | | | |
| ६ | बालबालिकालाई राजनीतिक स्वार्थको उद्देश्यले जासुसी, खबर दूत, सूचना वाहक तथा विरोधी समूहका रुपमा प्रयोग गरेको | | | | |
| ७ | बालबालिकालाई चन्दा संकलनका कार्यमा प्रयोग गरेको | | | | |
| ८ | बालबालिकामाझ परिवार वा समुदायको राजनीतिक तथा साम्प्रदायिक आस्थाको आधारमा द्वन्द्व सिर्जना गर्ने तथा हूल हुज्जत गर्ने गराउने कार्यमा प्रयोग गरेको | | | | |
| ९ | विद्यालय र विद्यालय हाता तथा परिसरभित्र आमसभा, माईकिङ्ग र निर्वाचनका अन्य प्रचारप्रसारका कामहरु गरेको | | | | |
| १० | विद्यालय तथा शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनैपनि किसिमको पर्चा टाँसेको वा राजनीतिक दल तथा उम्मेदवारका पक्ष वा विपक्षमा भित्तेलेखन गरेको | | | | |
| ११ | मतदान गर्ने कार्य प्रयोजन बाहेक विद्यालयका भौतिक तथा शैक्षिक सामाग्रीहरुको प्रयोग गरेको वा विद्यालयका भौतिक सम्पतिमाथि क्षति (जस्तै डेक्स, बेन्च आदिमा हुन पुगेको नोक्सानी) पुगेको | | | | |
| १२ | राजनीतिक दल तथा उम्मेदवारका पक्ष र विपक्षधरहरु माझम भएका झडप तथा द्वन्द्वका कारण विद्यालय, विद्यार्थीमाथि धम्की, कुटपिट र अन्य हानी नोक्सानी पुगेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | विद्यालयका शिक्षकलाई राजनीतिक दल, उम्मेदवार, संस्था र व्यक्तिले प्रचारप्रसारमा संलग्न गराएको कारण पठनपाठनमा असर परेको | | | | |
| १४ | निर्वाचन प्रयोजनका लागि भनी निर्वाचन आयोगद्वारा तोकिएका दिनबाहेक विद्यालय बन्द गरेको | | | | |
| १५ | राजनीतिक दल तथा उम्मेदवारका प्रतिनिधिहरुले मतदाताहरुलाई आफ्ना सन्तानको कसम खाने तथा धर्म भाक्न लगाई मत पक्का गरेको | | | | |
| १६ | बालबालिकाले प्रयोग गर्ने स्थान आदिलाई प्रभावित पार्ने कार्यहरु गरेको | | | | |

यस सम्बन्धमा उजूरी वा सूचना दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति/ पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको सुझाव भए सो सम्बन्धी विवरणः

..........................................................................................................

..............................................................................................................

उजूरी/सूचना/जानकारी दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति / पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको नाम र ठेगानाः

सम्पर्क /मोबाइल नं.ः

ईमेलः

प्रतिवेदनको मितिः २०८२/...../.....

**(ख) प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को फागुन २१ गते निर्वाचनको मतदानका दिन बाल अधिकार हनन् भएका घटना सम्बन्धी पेश गर्ने प्रतिवेदन ढाँचा**

मितिः २०८२/... /....

श्री राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर ।

विषयः- निर्वाचनको मतदानका दिन बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन पेश गरेको ।

मिति २०८२ सालको फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य पदको निर्वाचनको मतदानका दिन देहायको विवरण रहेको दल / उम्मेदवार / व्यक्ति/ संस्थाबाट निर्वाचन आचार संहिता, २०८२ तथा नेपाल प्रचलित कानूनको उल्लङ्घन गरी बाल अधिकार हनन् भएकोले सो सम्बन्धी प्रतिवेदन तहाँको जानकारीको लागि पेश गरिएको छ ।

<u>निर्वाचनको मतदानका दिन बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन, २०८२</u>

जिल्लाः......................... निर्वाचन क्षेत्र नं.ः ....................गाउँपालिका/नगरपालिकाः ... .......
.....................  वडा नं.ः .............. स्थान/मतदान केन्द्रः ...................................

## निर्वाचनको मतदानका दिन बाल अधिकार हनन् भएका घटना सम्बन्धी मुख्य विवरण

| क्र. सं. | निर्वाचनको मतदानका दिन बालबालिकालाई प्रत्यक्ष रुपमा संलग्न गराउन सक्ने कार्यहरुको विवरण | राजनीतिक दल/ उम्मेदवार / संस्था /व्यक्तिको नाम | घटना संख्या | पीडित तथा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बालबालिकालाई मतदान केन्द्रमा मतदाताको रुपमा प्रयोग गरेको | | | | |
| २ | बालबालिकालाई वयस्क मतदाताको सट्टामा फर्जी मतदाताको रुपमा प्रयोग गरेको | | | | |
| ३ | बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह अङ्कित वा सङ्केत गरेको ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन, वा स्टीकर, लोगो झोला, व्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री लगाई परिचालन गरेको | | | | |
| ४ | मतदानस्थल केन्द्रमा वयस्कको सट्टामा बालबालिकालाई लाइनमा बस्न लगाएको | | | | |
| ५ | मतदानस्थल केन्द्र र त्यसको वरिपरि बालबालिकालाई हूल हुज्जत, झैझगडा तथा द्वन्द्व सिर्जना गर्न प्रयोग गरेको | | | | |
| ६ | मतदानस्थल केन्द्र वरिपरि विभिन्न कारणले पुगेका बालबालिकामाथि हिंसा, कुटपिट, डर त्रास तथा धम्कि र अश्लील गालीगलौज गरेको | | | | |
| ७ | मतदानस्थल केन्द्र राखिएका विद्यालयको भौतिक संरचना तथा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामाग्रीहरुमाथि क्षति तथा नोक्सान पुर्‍याएको | | | | |
| ८ | निर्वाचन तथा मतदानको क्रममा राजनीतिक दल, उम्मेदवार तथा दलका प्रतिनिधिले बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गरेको | | | | |

यस सम्बन्धमा उजूरी वा सूचना दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति/ पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको सुझाव भए सो सम्बन्धी विवरणः

..............................................................................................................

................................................................................................................

उजूरी/सूचना/जानकारी दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति / पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको नाम र ठेगानाः

सम्पर्क /मोबाइल नं.ः

ईमेलः

प्रतिवेदनको मितिः २०८२/...../.....

## (ग) प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को निर्वाचन पश्चात (२०८२ फागुन २२-३० गतेसम्म) बाल अधिकार हनन् भएका घटना सम्बन्धी पेश गर्ने प्रतिवेदन ढाँचा

मितिः २०८२/... /....

श्री राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर ।

विषयः- निर्वाचन पश्चात बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन पेश गरेको ।

मिति २०८२ सालको फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य पदको निर्वाचन पश्चात देहायको विवरण रहेको दल / उम्मेदवार / व्यक्ति / संस्थाबाट निर्वाचन आचार संहिता, २०८२ तथा नेपाल प्रचलित कानूनको उल्लङ्घन गरी बाल अधिकार हनन् भएकोले सो सम्बन्धी प्रतिवेदन तहाँको जानकारीको लागि पेश गरिएको छ ।

### <u>निर्वाचन पश्चात बाल अधिकार हनन् भएका घटना सम्बन्धी प्रतिवेदन, २०८२</u>

जिल्लाः......................... निर्वाचन क्षेत्र नं.: ....................गाउँपालिका/नगरपालिकाः ..........................
वडा नं.: ................. स्थान/मतदान केन्द्रः ...............................

मतदान सम्पन्न भए पश्चातका दिनमा बाल अधिकार हनन् भएको/देखेको घटना मितिः २०८२/....../.........

घटनाको अनुगमन/अवलोकन/निगरानी गरिएको भए, अनुगमन/अवलोकन /निगरानी गरिएको मितिः
२०८२/....../.........

## निर्वाचन पश्चात बाल अधिकार हनन् भएका घटना सम्बन्धी मुख्य विवरण

| क्र. सं. | निर्वाचन पश्चात बालबालिकालाई प्रत्यक्ष रुपमा संलग्न गराउन सक्ने कार्यहरुको विवरण | राजनीतिक दल/ उम्मेदवार / संस्था / व्यक्तिको नाम | घटना संख्या | पीडित तथा प्रभावित बालबालिकाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | विजय जुलुस/सभा / र्याली र भेला आदिमा बालबालिकालाई संलग्न वा सहभागी गरेको | | | | |
| २ | विजय सभा तथा कार्यक्रम आदिमा बालबालिकालाई कलाकार, वक्ता, नारावाजी, स्वयम् सेवकजस्ता कार्यमा प्रयोग गरेको | | | | |
| ३ | विजय जुलुस, र्याली, सभा तथा यससँग सम्बन्धित कार्यहरुमा बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गरेको | | | | |
| ४ | निश्चित परिवार, समुदायका बालबालिकामाथि (विपक्षी वा आफूलाई भोट नहालेको निहुँमा) अपहेलना, हिंसा, कुटपिट, बेइज्जती गरेको | | | | |
| ५ | विजय सभा, जुलुस तथा ¥यालीका लागि विद्यालय बन्द गरेको, विद्यालयको नियमित पठन पाठनमा प्रभावित पार्ने गरी शिक्षक विद्यार्थीहरुलाई संलग्न तथा सहभागी गरेको | | | | |
| ६ | विजय जुलुस आदि काक्रममा अर्को दल वा उम्मेदवारलाई गाली बेइज्जती गर्न, हूल हुज्जत गर्न गराउन बालबालिकालाई उक्साएको वा प्रयोग गरेको | | | | |
| ७ | मतगणनास्थलमा बालबालिकालाई निर्वाचन चिन्ह, दल, राजनीतिक समूह अङ्कित वा सङ्केत गरेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन, वा स्टीकर, लोगो झोला, व्याच, टयाटु जस्ता साङ्केतिक सामग्री लगाई प्रयोग गरेको वा प्रयोग गर्न उपलब्ध गराएको | | | | |

यस सम्बन्धमा उजूरी वा सूचना दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति/ पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको सुझाव भए सो सम्बन्धी विवरणः

..........................................................................................................

..........................................................................................................

उजूरी/सूचना/जानकारी दिने वा प्रतिवेदन पेश गर्ने व्यक्ति / पर्यवेक्षक / पर्यवेक्षण संस्था / संस्थाको नाम र ठेगानाः

सम्पर्क /मोबाइल नं.ः

ईमेलः

प्रतिवेदनको मितिः २०८२/...../.....